# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. खतिवडाद्वारा सप्तकोशी डेभलपमेण्ट बैंक लि.को कर्पोरेट कार्यालयको समुद्घाटन

गभर्नर डा. युवराज खतिवडाले मंसिर २८ गते सप्तकोशी डेभलपमेण्ट बैंकको कर्पोरेट कार्यालय विराटनगरको एक सामारोह बीच समुद्घाटन गर्नुभयो । सो समारोहमा प्रमुख अतिथिको रुपमा बोल्दै उहाँले विकास बैंकहरु बाणिज्य बैंकका प्रतिस्पर्धी नभई परिपूरक हुन् भन्दै बाणिज्य बैंकहरु नभएका स्थानमा विकास बैंकको



सेवा विस्तार भएमा त्यसबाट बसाई-सराई र रोजगारीको समस्या निराकरण गर्न समेत सहयोग पुग्ने धारणा राख्नु भयो । विभिन्न कारणले हालसम्म वाणिज्य बैंकहरु पुग्न नसकेका क्षेत्रहरुमा सेवा विस्तार गर्नका लागि विकास बैंक सामु ठूलो अवसर भएको र यसलाई उपयोग गर्न नेपाल राष्ट्र बैंकले सहयोग गर्ने जानकारी पनि उहाँले दिनुभयो ।

कृषिमा लगानी गर्नका लागि नेपाल सरकारले कृषि ऋणमा व्याज अनुदान कार्यक्रम लागू गरिसकेको र त्यस कार्यक्रम अन्तर्गत सबै बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्न पाउने व्यवस्था हुन लागेको कुरा उहाँले बताउनु भयो । सबै बैंकहरुले नेपाल राष्ट्र बैंकको निर्देशन पूर्ण पालना गर्नुपर्ने उल्लेख गर्दै गभर्नर डा. खतिवडाले आर्थिक वृद्धिलाई टेवा दिने खालको वित्तीय प्रणालीको विकास गर्नका लागि बैंकहरुले कृषि, उर्जा, पर्यटन जस्ता क्षेत्रमा लगानी बढाउनु पर्नेतर्फ जोड दिनुभयो । मर्जरलाई सबल र सक्षम बन्ने एक उपायको रुपमा चित्रित गर्दै उहाँले बैंक विश्वासका आधारमा चल्ने व्यवसाय भएकाले बैंकहरुले सर्वसाधारणको विश्वास गुम्न दिन नहुने चर्चा गर्नुभयो । यसका लागि संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणलीमा विशेष ध्यान दिनुपर्ने बताउनु भयो । लगानीमा देखिएका समस्यालाई अवसरका रुपमा लिन उहाँले आग्रह गर्नुभयो ।

नगद कारोवारमा अन्तर्निहित जोखिम कम गर्नका लागि विद्युतीय माध्यम मार्फत् बैंकिङ कारोवार गर्न गभर्नर डा. खतिवडाले सम्पूर्ण व्यवसायीहरूलाई सुझाव दिनुभयो । कार्डको प्रयोगलाई अझ विश्वासिलो बनाउनका लागि यसको गुणस्तरीयता र सुरक्षात्मक उपायका सम्बन्धमा छलफल भइरहेको जानकारी दिनुभयो । भारतीय रुपैयाँको कारोवार सहज हुँदै आएको अवगत गराउँदै उहाँले नेपाल राष्ट्र बैंकले वित्तीय अपराधमा शून्य सहनशीलताको नीति लिएको पनि उल्लेख गर्नुभयो ।

कार्यक्रम अघि गभर्नर डा. खतिवडाले पत्रकारहरुले उठाएका केही जिज्ञासाहरुको जवाफ दिनुभएको थियो भने कार्यक्रम पश्चात उहाँले सप्तकोशी डेभलपमेण्ट बैंकको कर्पोरेट तथा शाखा कार्यालय विराटनगरको अवलोकन गर्नुका साथै सो बैंकको आर्थिक सहयोगमा संचालित बाख्रापालन फर्मको अवलोकन भ्रमण गर्नुभएको थियो ।

**२०७१ मंसीर २९ गते सोमबार** **गभर्नरको कार्यालय**